# कालीगण्डकी गाउँपालिका, स्याङ्जा

## गाउँ कार्यपालिकाको बैठक नं. ९२

( मिति २०७९ चैत्र १७ )

गाउँ कार्यपालिकामा प्रस्तावको रुपमा पेश हुन आएका निम्न विषयहरुमा गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री खिम बहादुर थापाज्यूको अध्यक्षता तथा देहायमा उल्लेख भए बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा छलफल भै सर्वसम्मतिमा देहायमै उल्लेख भए बमोजिम निर्णयहरु गरिएको छ ।

| दस्तखत | बैठकको मर्यादा | पदाधिकारी | गाउँपालिका/वडा नं. | नाम थर |
|---|---|---|---|---|
| [signature] | अध्यक्षता | अध्यक्ष | गाउँपालिका | श्री खिम बहादुर थापा |
| [signature] | | उपाध्यक्ष | गाउँपालिका | श्री सावित्रा कोइराला |
| [signature] | | वडाध्यक्ष | १ नं. | श्री कृष्ण बहादुर लामिछाने |
| [signature] | | वडाध्यक्ष | २ नं. | श्री खगिसरा आले |
| [signature] | | वडाध्यक्ष | ३ नं. | श्री देवेन्द्र कुमार थापा |
| [signature] | | वडाध्यक्ष | ४ नं. | श्री यादव प्रसाद पाण्डेय |
| [signature] | | वडाध्यक्ष | ५ नं. | श्री रुक बहादुर थापा |
| [signature] | | वडाध्यक्ष | ६ नं. | श्री सुन्दर प्रसाद अधिकारी |
| [signature] | | वडाध्यक्ष | ७ नं. | श्री उम प्रसाद भट्टराइ |
| | | कार्यपालिका सदस्य | | श्री हुमा देवी सार्की |
| [signature] | | कार्यपालिका सदस्य | | श्री टिकीसरा भट्टराई |
| [signature] | | कार्यपालिका सदस्य | | श्री दिपा सिंजाली |
| [signature] | | कार्यपालिका सदस्य | | श्री रुपमाया राना |
| [signature] | | कार्यपालिका सदस्य | | श्री लोक बहादुर सुनार |
| [signature] | | कार्यपालिका सदस्य | | श्री प्रेम सिंह बोटे |
| [signature] | | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री देवेन्द्र पाण्डेय |
| [signature] | | अधिकृत छैठौं (प्रशासन) | गाउँपालिका | श्री हिरामणी पाण्डे |

कार्यपालिका बैठक

| प्रस्ताव नं. | प्रस्ताव पेश गर्ने समिति/शाखा/पदाधिकारी | प्रस्तावको विषय | निर्णय |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्षज्यूको भारत भ्रमण सम्बन्धमा। | १. दक्षिण एसियाली राष्ट्रका शहरहरुको छैठौं सम्मेलनमा सहभागिताका मिति २०७९ चैत्र २१ देखि २५ सम्म हुने भारत भ्रमणका लागि स्वीकृति दिने। |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा। | १. चालू आ.व. ०७९/८० को दोश्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम २०८० वैशाखको पहिलो हप्ता सञ्चालन गर्ने। |
| ३ | | खर्च अनुमोदन तथा स्वीकृतिका सम्बन्धमा। | १. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि सशर्त अनुदानबाट नपुग रकम रु २,१५,०००।- (दुई लाख पन्ध्र हजार)। सो को खर्च अनुसूचि ४ बाट भुक्तानी गर्ने।<br>२. नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेशसँगको कार्यक्रममा भएको खर्च रकम रु ४५,५००।- (पैचालिस हजार पाँच सय मात्र)। सो को खर्च सुचना तथा सञ्चार क्षेत्रसँग सहकार्य र विकास शीर्षकबाट भुक्तानी गर्ने।<br>३. बिर्घाटार लिफ्टिङ सिंचाई योजनाका लागि रु ४४,२००।- ( चौवालिस हजार दुई सय मात्र)<br>४. विरुवा गाउँपालिका, स्याङ्जा र कालिगण्डकी गाउँपालिका, गुल्मीमा भलिवल खेलकुदमा सहभागि भै प्रथम हुने महिला तथा पुरुष भलिवल खेल समूहका लागि रु ६६,०००।- (छैसठी हजार मात्र)। सो को खर्च अनुसूचि ४ बाट भुक्तानी गर्ने। |
| ४ | योजना शाखा | विशेष तथा समपूरक अनुदानमा आधारित योजना माग सम्बन्धमा। | १. गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयको मिति २०७९/१२/०१ च.नं. ५०२ को प्रयोजनार्थ निम्न योजनाहरु माग गर्ने।<br>विशेष अनुदानतर्फ<br>क. टड्लेहवा लिफ्टिङ सिंचाई आयोजना (अधूरो), वडा नं. ३<br>ख. बारीचौर लिफ्टिङ सिंचाइ आयोजना, वडा नं. ३<br>ग. कालीगण्डकी कोल्डस्टोर निर्माण, वडा नं. ४ र ६<br><br>समपूरक अनुदानतर्फ<br>क. हटिया-चिउरीबोट सडक (अधूरो), वडा नं. १<br>ख. जैपते-लिहाक-इमशिल सडक, वडा नं. ५ र ६<br>ग. रुद्रवेणी-ठाँटीभञ्जयाङ-हटिया-रानीघाट सडक, वडा नं. १ र २ |
| ५ | प्रशासन शाखा | मानव अधिकार स्थानीय समिति गठन सम्बन्धमा। | मानव अधिकारसम्बन्धि पाचौं राष्ट्रिय कार्ययोजनाको परिच्छेद ४ को बुँदा ४.२.४ ले तोके बमोजिम निम्नानुसारको समिति गठन गर्ने।<br><br>(क) श्री खिम बहादुर थापा, अध्यक्ष, गाउँपालिका-------संयोजक<br>(ख) श्री साबित्रा कोइराला, उपाध्यक्ष, गाउँपालिका------सदस्य<br>(ग) श्री कृष्ण बहादुर लामिछाने, १ नं. वडाध्यक्ष--------सदस्य<br>(घ) श्री खगिसरा आले, २ नं. वडाध्यक्ष----------------सदस्य<br>(ङ) श्री देवेन्द्र कुमार थापा, ३ नं. वडाध्यक्ष-----------सदस्य |

कार्यपालिका बैठक

| | | | |
|---|---|---|---|
| | | | (ङ) श्री देवेन्द्र कुमार थापा, ३ नं. वडाध्यक्ष-------------सदस्य<br>(च) श्री यादव प्रसाद पाण्डे, ४ नं. वडाध्यक्ष------------सदस्य<br>(छ) श्री रुक बहादुर थापा, ५ नं. वडाध्यक्ष---------------सदस्य<br>(ज) श्री सुन्दर प्रसाद अधिकारी, ६ नं. वडाध्यक्ष---------सदस्य<br>(झ) श्री उम प्रसाद भट्टराई, ७नं. वडाध्यक्ष-------------सदस्य<br>(ञ) श्री हिरामणी पाण्डे, अधिकृत छैठौं------------------सदस्य<br>(ट) श्री शोभिलाल चौतारे, वडा नं. १-------------------सदस्य<br>(ठ) श्री तुलसा पाण्डे भट्टराई, वडा नं. ७---------------सदस्य<br>(ड) श्री माधव अधिकारी, वडा नं. ६--------------------सदस्य<br>(ढ) श्री प्रमुख, बिर्घा प्रहरी चौकी--------------------सदस्य<br>(ण) श्री प्रमुख प्रशासकीय अधिकृत, का.गा.पा. ---सदस्य सचिव |
| ६ | प्राविधिक शाखा | विद्युत लाइन व्यवस्थापन सम्बन्धमा । | १. कालीगण्डकी अस्पतालको निर्माणाधिन भवनक्षेत्रमा रहेको विद्युत लाइन व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने । नेपाल विद्युत प्राधिकरण, स्याङ्जा वितरण केन्द्रअन्तर्गत मिर्मि उपवितरण केन्द्रबाट प्राप्त हुने लागत अनुमान बमोजिम कार्य गर्ने गराउने सम्बन्धमा कार्यवाही अगाडी बढाउने । |
| ७ | | साझेदार संस्था छनौट सम्बन्धमा । | १. कालीगण्डकी गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने समबन्धि ऐन, २०७९ बमोजिम छलफल तथा आवश्यक निर्णयार्थ पेश भएको हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक प्रस्तावसम्बन्धि कागजात बमोजिम उक्त प्रस्ताव छनौट गर्ने । सो सम्बन्धि सम्पूर्ण दायित्व कार्यपालिकामा रहने गरी सम्झौता गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने । |
| ८ | | कार्यविधि स्वीकृति सम्बन्धमा । | १. निम्न विधेयकहरु स्वीकृत गर्ने ।<br><br>(क) कालीगण्डकी गाउँपालिकाको अध्यक्षसँग निःशुल्क औषधी कार्यक्रम संचालनसम्बन्धि कार्यविधि, २०७९<br>(ख) कालीगण्डकी गाउँपालिकाको निःशुल्क औषधोपचार व्यवस्था गर्ने सम्बन्धि कार्यविधि, २०७९ |
| ९ | | म्याद थप सम्बन्धमा । | १. छाप-दब्छे सडकको कालोपत्रे गर्ने सम्बन्धि ठेक्का कार्यको म्याद अन्तिमपटकको लागि मिति २०८० असार मसान्तसम्म थप गर्ने । |

०७९/१२/१६